# विपन्न/असहाय गर्भवती कोष  कार्यान्वयन कार्यविधि २०८२

इस्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा, गुल्मी ।

# विपन्न गर्भवती कोष स्थापना सम्बन्धी कार्य विधि २०८२

नेपालको संविधान २०७२ को धारा ३५ बमोजिम स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकार तथा स्थानीय सरकार सन्चालन ऐन-२०७४ को दफा ११ अन्तर्गत रहेर इस्मा गाउँपालिका भित्र सुरक्षित मातृत्व, शिशु मृत्युदरमा कमी गर्न नवजात शिशु र आमाको अकाल मृत्युबाट बचाउन र समग्र पालिका भित्रका गर्भवती र सुत्केरी हुने महिलाहरु तथा शिशु मृत्यु दरमा कमी ल्याउने उद्देश्यका साथ वार्षिक नीति तथा कार्यक्रम बमोजिम नेपालको संविधान २०७२ को धारा २२६ र २२७ को प्रयोग गरी धारा ३५ तथा ३९ सँग सम्बन्धित रही इस्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि को अधिकार प्रयोग गरी " **विपन्न गर्भवती कोष स्थापना** कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ जारी गरेको हो।

## परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "" विपन्न गर्भवती कोष स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**: विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले इस्मा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले इस्मा गाउँपालिका भित्र बसोबास गर्ने सबै वर्ग र समूहका गर्भवती महिलाहरुलाई समतेलाई सम्झनु पर्दछ। )

(घ) न्यायिक समिति" भन्नाले इस्मा गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज)"आर्थिक सहायता" भन्नाले खण्ड (ग) बमोजिम लक्षित महिलालाई सहायता बापत इस्मा गाउँपालिकाबाट प्रदान गरिने सहयोग सम्झनु पर्दछ।

(झ)"वडासमिति" भन्नाले इस्मा गाउँपालिका भित्रका वडाहरुलाई सम्झनु पर्दछ।

(ञ) "सभा" भन्नाले इस्मा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

(ट) "शाखा प्रमुख" भन्नाले इस्मा गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख सम्झनु पर्दछ।

## परिच्छेद-२

## आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी प्रक्रिया

**३. आर्थिक सहायता लिनका लागि निवेदन दिनु पर्नेः** (१) यस कार्यविधिको दफा २ को खण्ड (ग) बमोजिम आर्थिक सहायता पाउन योग्य इस्मा गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने गर्भवती तथा सुत्केरी महिलाले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित अनुसूची-१ बमोजिम स्वयं गर्भवती तथा सुत्केरी महिला वा निजको आफन्त आई गाउँपालिकामा आफै निवेदन दिनुपर्नेछ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडाले प्रमाणित गरेको सिफारिस सहितको कागजात, उपचार गरेको ANC/PNC / complicated Pregnancy and Prolonged Labour सम्बन्धी स्वास्थ्य संस्थाको/अस्पतालको रिपोर्ट लगायतका अन्य आवश्यक कागजात बुझ्नु पर्दछ। बेवारिसे·/ असहाय आदि महिलाको हकमा वडाको सिफारिश पर्याप्त रहनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि लाभग्राही व्यक्ति स्वयम उपस्थित भई निवेदन दिन असमर्थ भएको अवस्थामा सम्बन्धित व्यक्तिको नजिकको हकदार हो भनी प्रमाणित हुने खालका प्रमाण पत्र सहित सम्बन्धित वडाको सिफारिस लिई आएमा त्यस्तो लाभग्राही व्यक्तिको संरक्षकले पनि निवेदन दिन सक्नेछ।

**४. विपन्न गर्भवती कोषको उपचार सहायता रकमको सीमाः** (१) लामो प्रसव (घण्टा तोक्नु)ब्यथा, बच्चा उल्टो जन्मनु तथा कुठाउँमा बस्नु (Complicated Labour etc.) महिला, आर्थिक रुपले विपन्न तथा विभिन्न कारणले स्वास्थ्य संस्थामा उपचार गराउन नसकी अकाल मृत्यु वरण गर्नु पर्ने जोखिमलाई न्युनिकरण गर्नको लागि तथा आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई र

भगत सिंह खड्का

आकस्मिक रुपमा केही कारणले चोट पटक लागेर उपचार गर्नुपर्ने अवस्थामा वा अन्य कुनै रोग लागी गर्भवती तथा सुत्केरी महिला उपचारत रहेको भनी कुनै स्वास्थ्य संस्था/ अस्पतालमा उपचार गराए बापत समितिको निर्णयबाट बढीमा पच्चीस हजार रुपैया सम्म नगत/जिन्सी /एम्बुलेन्स सहायता दिन सक्नेछ।

**(२) उपदफा** (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अध्यक्षको निर्देशनमा बढीमा पन्ध्र हजार रुपैया नगद वा सो बराबरको जिन्सी सहायता वा एम्बुलेन्स सेवा प्रदान गर्न सक्नेछ।

समिति

| | |
|---|---|
| अध्यक्ष------------------------------------------------ | संयोजक |
| उपाध्यक्ष ------------------------------------------------ | सदस्य |
| सामाजिक विकास समिति संयोजक ------------------------ | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत------------------------------------ | सदस्य |
| शाखा प्रमुख------------------------------------------------ | सदस्य सचिव |

भगत सिंह खड्का
अध्यक्ष

**५. पूर्वशर्त पूरा गर्नु पर्ने:** (१) यस गाउँपालिकाबाट वितरण हुने आर्थिक सहायता रकम प्राप्त गर्ने लक्षित महिलाहरुले त्यस्तो रकम प्राप्त गर्नको लागि देहाय बमोजिका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

क) गाउँपालिकामा भित्रका स्वास्थ्य संस्थामा आठ पटक गर्भ जाँच गराएको प्रमाण भएको,
ख) उमेर पुगे पछि मात्र विवाह गरेको प्रमाण हुनु पर्ने,
ग) लामो प्रशव ब्यथा वा Complicated pregnancy and Prolonged Labour भएका महिलाहरुको पहिचान खुल्ने कागजात हुनु पर्ने,
(२) उपदफा १ मा जुनसुकै कुरा भनिएको भएता पनि असहाय महिलाको हकमा वडा कार्यलयको सिफारिसलाई मान्यता दिइने छ ।

**६.स्वास्थ्य संस्थाले जाँच गरेका कागजातहरुको तथ्य परक अनुगमन तथा निरीक्षण गर्नुपर्ने:** १) गाउँ कार्यपालिकाले गाउँपालिका मार्फत वितरण गरेको आर्थिक सहायता रकम प्राप्त गर्ने व्यक्ति तोकिएको वर्ग समुह भित्र पर्ने हो वा होइन र त्यसरी प्राप्त गरेको रकम प्राप्त गर्ने व्यक्तिले तोकिएकै कामको लागि सदुपयोग गरेको छ छैन भन्ने सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्न तथा वितरण गरिएको आर्थिक सहायता रकमको प्रभावकारी उपयोगका सम्बन्धमा अध्ययन अवलोकन गर्न देहाय बमोजिम एक समिति रहनेछः-
गाउँ कार्यपालिकाका उपाध्यक्ष-संयोजक
गाउँपालिका अध्यक्षले तोकेको महिला कार्यपालिका सदस्य- सदस्य
स्वास्थ्य शाखाका प्रमुख- सदस्य सचिव

३) उपदफा (२) बमोजिम गठित समितिले अनुगमन तथा निरिक्षण सम्बन्धी कार्य सम्पन्न पश्चात गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**७) झुठा विवरण पेश गरी आर्थिक सहायता लिन नहुने:** (१) गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायता कसैले झुठा विवरण पेश गरी लिनु हुदैन। आर्थिक सहायता रकम लिने उद्देश्यले झुठा विवरण पेश गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिलाई झुठा विवरण बनाई सिफारिस गर्ने सिफारिसकर्ता दुवैलाई प्रचलित कानून वमोजिम कडा कारवाही हुनेछ ।

भगत सिंह खड्का
अध्यक्ष

## परिच्छेद - ३

### कोष सम्बन्धी व्यवस्था

**८) कोष स्थापना गर्नु पर्ने**: (१) यस कार्यविधि बमोजिम तोकिएका क्षेत्र भित्र पर्ने लक्षित वर्ग र समूहका महिलाहरुलाई आर्थिक साहायता वितरण गर्न एक आर्थिक सहायता वितरण कोष स्थापना गर्नु पर्नेछ।

उपदफा (१) बमोजिम स्थापना गरिएको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

२) (क) लक्षित वर्ग र समूहका महिलाहरुलाई राहत वितरणका लागि गाउँपालिकाको सभाले बिनियोजन गरेको रकम,

(ख) संघीय सरकार, प्रदेश सरकारबाट कोषको लागि प्राप्त अनुदान रकम,

(ग) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान रकम,

(घ) आर्थिक सहायता, पुर्नस्थापनाको लागि प्राप्त रकम र यस कोषमा जम्मा हुने भनी कुनै निकाएबाट प्राप्त अन्य रकम।

(३) कोषको रकम सम्बन्धी अन्य व्यवस्था गाउँ सभाले गर्नेछ।

**९. कोषको सञ्चालन**: कार्यविधिको दफा ६ बमोजिम स्थापित कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ।

भगत सिंह खड्का
अध्यक्ष

## परिच्छेद -४
## विविध

**१०. यसै कार्यविधि बमोजिम मानिने**:सबै काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**११. संशोधन गर्न सक्ने**: यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१२. स्वतः खारेज हुने**: यो कार्यविधि तथा यसका दफा संघ तथा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।.

भगत सिंह खड्का
अध्यक्ष

अनुसूची-१

( दफा ३ सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू,

इस्मा गाउँपालिका, इस्मा रजस्थल-५ गुल्मी ।

विषयः आर्थिक सहायता उपलब्ध गराई दिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा मेरो/हाम्रो परिवारको जटिल गर्भवती/सुत्केरी अवस्था भई थप उपचार गर्नको लागि आर्थिक अवस्था नाजुक भएकोले.........................लागि तहाँ कार्यालयको नियमानुसार प्रदान हुने आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

तपसिल

१.

२.

३.

४.

झुठा विवरण पेश गरेको प्रमाणित भए प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु/छौं ।

निवेदक

नामः-

ठेगानाः-

मितिः-

भरत सिंह खड्का